# राजस्व न्यायाधिकरण काठमाडौं
## इजलास
## माननीय अध्यक्ष श्री किशोर सिलवाल
## राजस्व सदस्य श्री जीवन कुमार घिमिरे
## लेखा सदस्य श्री डम्बर बहादुर कार्की
## फैसला

२०७५।०७६ सालको निर्णय नं. १२९

पुनरावेदन नं. ९७ – ०७४-RB-०००२

**<u>मुद्दाः- मूल्य अभिवृद्धि कर (२०६७/०६८) ।</u>**

काठमाण्डौ जिल्ला का.म.न.पा वडा नं.३१ कमलादीस्थित बैंक अफ काठमाडौ लिमिटेड (स्थायी लेखा नं. ५०००४९२५५) को तर्फबाट अधिकार प्राप्त ऐ. का प्रमुख कार्यकारी अधिकृत अजय श्रेष्ठ......................................................१ } पुनरावेदक

**विरुद्ध**

श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर..................................... १
श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट..................................................१ } प्रत्यर्थी

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ताद्धय श्री दिपक घिमिरे,
श्री लक्ष्मी सापकोटा

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : शाखा अधिकृत श्री नगेन्द्र लम्साल

अविलम्वित नजीरः ×

## शुरु निर्णय गर्ने कार्यालय र अधिकारी

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, हरिहरभवन

शुरु निर्णय गर्ने अधिकारीः  प्रमुख कर अधिकृत श्री शंकर प्रसाद खरेल

शुरु कर्यालयको निर्णय मितिः-२०७१/१०/२९

## प्रशासकिय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री चुडामणि शर्मा

निर्णय मितिः २०७३।१२।२

पुनरावेदक कम्पनीका हकमा ठूला करदाता कार्यालय, ललितपुबाट मूल्य अभिवृद्धि कर र जरिवाना, थप दस्तुर एवं ब्याज समेत दाखिला गर्नुपर्ने गरी भएको आदेश उपर आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट कार्यालयको निर्णयलाई नै सदर गरी भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(४) बमोजिम पुनरावेदक कम्पनीको यस न्यायाधिकरण समक्ष पुनरावेदन परी सुनुवाइका लागि आज यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

## तथ्य खण्ड

१. यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत बैकिङ्ग सम्बन्धी कारोबार गर्ने करदाता बैंक अफ काठमाडौ लिमिटेडको आ.व. २०६७/०६८ को मू.अ.कर तर्फ कर परीक्षण सम्पन्न भै पेश भएको प्रतिवेदनको आधारमा मूल्य अभिवृद्धिकर ऐन, २०५२ को दफा २० बमोजिम कर निर्धारण गरी मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(१) बमोजिम कर तथा जरिवाना गणना गरी जम्मा रू. ३७,६१,३०२।- कर निर्धारण गर्नुपर्ने आधार र कारण संलग्न गरी प्रारम्भिक कर निर्धारण गर्ने गरी ठूला करदाता कार्यालय, हरिहरभवनबाट मिति २०७१/१०/०२ मा जारी भएको आदेश ।

२. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७१/१०/०२ मा जारी भएको सूचना करदाताले मिति २०७१/१०/०४ मा बुझी लिएको ।

३. करदाताले मिति २०७१/१०/०४ मा बुझी लिएको सूचनाको जवाफ मिति २०७१/१०/१५ मा पेश गरेको ।

४. उपरोक्त बमोजिम प्रारम्भिक कर निर्धारण आदेश बमोजिमकै मू.अ.कर रू. १६५११७१।- जरिवाना रू. ४१२७९३।- र निर्णयक मितिसम्मको थप दस्तुर तथा व्याज समेत गणना गरी हुने रकम समेत दाखिला गर्न मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम २९(३) बमोजिम अन्तिम कर निर्धारण आदेश जारी गर्ने गरी ठूला करदाता कार्यालय, हरिहरभवनबाट मिति २०७१/१०/२९/५ मा खडा भएको निर्णय पर्चा ।

५. ठूला करदाता कार्यालय, हरिहरभवनले मिति २०७१/१०/२९ मा जारी गरेको आ.व. २०६७/०६८ को मूल्य अभिवृद्धि कर तर्फको अन्तिम कर निर्धारण आदेशमा चित्त नबुझी बैंक अफ काठमाडौ लिमिटेडले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७१/१२/३० मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

६. निवेदक बैंकले नेपाल बाहिरको संस्थाबाट **SWIFT, Reuters and VIBS** सेवा प्रयोग गरे बापत गरेको भुक्तानीमा मू.अ.कर ऐन २०५२ को दफा ८(२) बमोजिम मू.अ.कर असुल उपर गरी दाखिला नगरेको आधारमा कार्यालयबाट भएको कर निर्धारण कानून सम्मत नै देखिंदा निवेदन जिकिर नपुग्ने भन्ने व्यहोराको आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७३/१२/०२ मा भएको निर्णय ।

७. विपक्षी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट भएको मिति २०७१।१०।२९ को अन्तिम कर निर्धारण आदेश/निर्णय र सोलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७३।१२।२ मा भएको निर्णय पर्चा कर कानून, न्याय मान्य सिद्धान्त विपरित भई त्रुटिपूर्ण रहेकोले सोलाई बदर, उल्टी गरी नलाग्ने कर जरिवाना, थप दस्तुर तथा व्याज दायित्वबाट मुक्त गरी पाउँ भन्ने समेत व्यहोराको जिकीर लिई करदाताको तर्फबाट मिति २०७४/४/९ मा पुनरावेदन पत्र दर्ता भएको ।

८. यसमा मुलुकी ऐन, अ.वं. २०२ नं. बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणको मिति २०७५/०३/१४/५ मा भएको आदेश ।

## <u>ठहर खण्ड</u>

९. नियम बमोजिम पेशी सूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दाको पुनराबेदन पत्र एवं प्राप्त सुरु मिसिल समेत अध्ययन गरियो ।

१०. पुनरावेदक पक्षबाट उपस्थित विद्धान अधिवक्ता द्धय लक्ष्मी सापकोटा र दीपक घिमीरेले बैंकले मूल्य अभिबृद्धि कर तर्फ मू. अ. कर ऐन,२०५२ को दफा ५(३) को उप दफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि अनुसूची (१) मा उल्लेखित बस्तु वा सेवाहरुको कारोवारमा कर लाग्ने छैन । साथै त्यस्तो वस्तु वा सेवाको खरीदमा पहिले लागेको कर दफा १७ बमोजिम कट्टी गर्न र दफा २४ बमोजिम फीर्ता लिन पाईने छैन भन्ने ब्यबस्था गरिएको छ । दफा ५(३) को ब्यबस्थानुसार ऐनको अनुसूची १ मा उल्लेखित बस्तुहरुमा कर लाग्ने छैन भन्ने ब्यबस्था रहेको र उक्त अनुसूचीको ११(४) मा वित्तीय सेवालाई राखिएको हुँदा SWIFT & Reuters जस्तो वित्तीय सेवामा मू.अ. कर माग गर्नु कानून विपरीत भएकाले बदरभागी छ भन्ने जिकीर प्रस्तुत गर्नुभयो ।।

११. प्रत्यर्थी ठूला करदाता कार्यालय एवं आन्तरिक राजश्व विभाग समेतका तर्फबाट उपस्थित विशेष सरकारी वकिल कार्यालय काठमाडौंका शाखा अधिकृत श्री नगेन्द्र लम्सालले मूल्य अभिबृद्धि कर तर्फ मू. अ. कर ऐन,२०५२ को दफा ८(२) मा नेपाल बाहिरको दर्ता नभएको कुनै ब्यक्तिबाट सेवा प्राप्त गर्ने दर्ता भएको वा दर्ता नभएको ब्यक्तिले यो ऐन र नियम बमोजिम कर लाग्ने मूल्यमा भुक्तानीका बखत कर निर्धारण र असुलउपर गर्नुपर्ने ब्यबस्था रहेको हुँदा ऐनको दफा २०(१) (ञ) बमोजिम कर लगाएको देखिदा कर निर्धारण आदेश सदर हुनु पर्छ भन्नुभयो ।

१२. उपरोक्तानुसारको पुनरावेदन तथा प्रत्यर्थी दुवै पक्षका विद्धानहरुको बहस जिकिर समेत सुनी मिसिल संलग्न फायल कागजात हेरी शुरुको निर्णय मिले नमिलेको के रहेछ, पुनरावेदकको जिकीर पुग्न सक्ने हो होईन ? भनी हेर्दा निम्नानुसार देखिन आयो —–

१३. **<u>Swift / Reuters / VIBs सम्बन्धमा</u>**

पुनरावेदन जिकिर बमोजिम **SWIFT, Reuters / VIBs** सेवामा मूल्य अभिवृद्धि कर लाग्ने नलाग्ने के हो त भनी विचार गर्दा पुनरावेदक बैंकले **SWIFT, Reuters / VIBs** जस्ता सेवाहरु विदेश स्थित संस्थाहरुसंग आवद्ध भई सम्बन्धित आफ्ना उपभोक्ताहरुलाई सेवा प्रवाह गरी आएकोमा विवाद छैन । आफू एक वित्तीय संस्था भएको तथा उल्लिखित सेवाहरु विदेशबाट प्रवाह हुने सेवा भएको भन्ने आधारमा

नेपालभित्र आपूर्ति भएको मानिदैन भन्ने पुनरावेदकको मुख्य जिकिर रहेको पाइयो । सञ्चार प्रविधिको माध्यमबाट हुने विविध सेवाहरुको कार्यक्षेत्र विश्वब्यापी रुपमा रहेको हुन्छ । मूल्यअभिबृद्धि करको विषय सेवाको आपूर्तिसँग र भुक्तानीको प्रकृयासँग बढी सम्बन्धित रहन्छ । मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८ को उपदफा (२) मा "नेपाल बाहिरको दर्ता नभएको कुनै व्यक्तिबाट सेवा प्राप्त गर्ने दर्ता भएको वा दर्ता नभएको व्यक्तिले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम कर लाग्ने मूल्यमा भुक्तानीका वखत कर निर्धारण र असुल उपर गर्नु पर्नेछ" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसुची १ मा समावेश भएका कर छुट पाउने बस्तु सेवा बाहेकका अन्य सबै बस्तु वा सेवाहरुको कारोबार मूल्यमा मूल्य अभिवृद्धी कर लाग्ने देखिन्छ । मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २ (च) मा सेवा भन्नाले वस्तु वाहेकको जुनसुकै कुरा सम्झनुपर्छ भन्ने व्यवस्था रहेको छ । ऐनमा उल्लेख भएको उक्त परिभाषा अनुसार पनि बैंकले अन्य मुलुकमा रकमान्तर गर्दा प्रयोगमा ल्याएको **SWIFT, Reuters / VIBs** जस्ता माध्यमबाट कारोबार गर्दा लिएको शुल्क सेवा वापतको हो भन्ने देखिन्छ । तथापि उक्त सेवा वित्तीय सेवा नै हो भनी पुनरावेदनकले प्रमाणित गर्न सकेको पाईदैन । विवादीत विषय भनेको **SWIFT** जस्ता सेवाको प्रयोग गरी बैंकले आफ्ना सेवा ग्राहीको रकम वा अन्य किसिमका भुक्तानी रकम रकमान्तर गर्दा **SWIFT** जस्ता सेवाका माध्यम उपलब्ध गराउने विदेश स्थित निकायलाई भुक्तानी गर्ने शुल्कसँग सम्वन्धित रहेको देखिन्छ । बैंकले भुक्तानी गरेको सो शुल्क ऐन अनुसार मूल्य अभिवृद्धी कर लाग्ने सेवा वापतको भएकोले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(२) मा रहेको कानूनी व्यवस्था अनुसार नेपाल बाहिरको दर्ता नभएको व्यक्तिबाट सेवा प्राप्त गरे वापत भुक्तानी गरेको रकममा मूल्य अभिवृद्धि कर लाग्ने देखिंदा उक्त कर निर्धारण त्रुटिपूर्ण छ भन्ने पुनरावेदकको पुनरावेदन जिकिर सँग सहमत हुन सकिएन ।

१४. अतः स्थायी लेखा नं. ५०००४९२५५ भएका पुनरावेदक करदाता बैंक अफ काठमाडौंको आ.व. ०६७।०६८ को मूल्य अभिबृद्धिकर निर्धारण सम्बन्धमा शुरू कार्यालयको मिति २०७१।१०।२९ को निर्णय र आन्तरिक राजस्व विभागको मिति २०७३।१२।०२ को निर्णय मिलेकै देखिदा सदर हुने ठहर्छ। पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन ।

१५. फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनु ।

१६. प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू ।

डम्बर बहादुर कार्की
(लेखा सदस्य)

उक्त रायमा हाम्रो सहमति छ ।

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

किशोर सिलवाल
(अध्यक्ष)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>

शाखा अधिकृतः श्री लेख बाहदुर कोइराला

कम्प्यूटर टाइपः श्री प्रदिप तिवारी

फाँट

इतिसम्बत २०७६ साल बैशाख १७ गतेरोज ३ शुभम......